नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड

पत्र संख्याः
चलानी नं.:

फोन नं.: ०१-४१००२२३
टोल फ्री : १६६००११११२२४
बबरमहल,काठमाडौं

## नवौं स्वास्थ्य बीमा दिवस २०८१ को सम्बन्धमा जारी प्रेस विज्ञप्ति

*"सबै नागरिकको स्वास्थ्य बीमामा सहभागिता, सुरक्षित र स्वस्थ भविष्यको सुनिश्चितता"* भन्ने मुल नाराका साथ आज मिति २०८१।१२।२५ गते नवौं स्वास्थ्य बीमा दिवस, २०८१ को मूल कार्यक्रम स्वास्थ्य बीमा बोर्डका अध्यक्ष श्री चन्द्र बहादुर थापा क्षेत्रीज्यूको सभापतित्वमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको हलमा विभिन्न क्षेत्रका सरोकारवाला निकायहरुको उपस्थितिमा सम्पन्न भयो।

कार्यक्रमको औपचारिक उद्घाटन पश्चात बोर्डका अध्यक्षज्यूले प्रधानमन्त्री कार्यालयमा पेश हुने गरी स्वास्थ्य बीमा बोर्डको वार्षिक प्रतिवेदन २०८०/८१ स्वास्थ्य मन्त्रालयका सचिवज्युलाई हस्तान्तरण गर्ने कार्यक्रम भयो।

कार्यक्रमको स्वागत मन्तव्य राख्नुहुँदै बोर्डका कार्यकारी निर्देशक डा. रघुराज काफ्लेज्यूले दिवसको उद्देश्य, स्वास्थ्य बीमा कार्यक्रमको पछिल्लो अद्यावधिक अवस्था, कार्यक्रमका सबल पक्ष, हासिल भएका उपलब्धी, चुनौती र अवसरका विषयमा प्रकाश पार्नुभयो।

कार्यक्रमको अतिथिको रुपमा काठमाडौं महानगरपालिकाका स्वास्थ्य विभाग प्रमुख दिपक कुमार केसीज्यूले स्थानीय तहमा स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा भैरहेका समस्या तथा चुनौतीका विषयलाई बोर्ड तथा सरोकारवाला निकायसँग सहयोगको अपेक्षा गर्नुभयो। कार्यक्रमका अतिथिका रुपमा विश्व स्वास्थ्य संगठनका नेपालका लागि प्रतिनिधि डा. राजेश साम्बाजीराव पाण्डवज्यूले नेपालमा स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्नका लागि स्वास्थ्य बीमामा दिगो वित्तीय व्यवस्थापन जरूरी रहने साथै यसका लागि बोर्डले सुविधा थैलीलाई प्रिमियमका आधारमा पूनरावलोकन गर्न जरुरी रहेको, नीतिसँग सामजस्यता हुने गरी राज्यको अनुदान वाहेक पनि वैकल्पिक श्रोत जुटाउनु आवश्यक देखिने विषयमा जोड दिनु भयो।

कार्यक्रमका विशेष अतिथि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव श्री हरी प्रसाद मैनालीज्यूले स्वास्थ्य बीमा बोर्ड नेपाल सरकारको महत्वपुर्ण स्वायत्त निकाय भएको हुदा यसको सफलता लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सधै सकरात्मक भई आवश्यक सहयोग गर्ने विषयलाई जोड दिनुभयो।

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड

पत्र संख्याः
चलानी नं.:

फोन नं.: ०१-४१००२२३
टोल फ्री : १६६००११११२२४
बबरमहल,काठमाडौं

दिवसका विशिष्ट अतिथि प्रा. डा. आर पी बिच्छाज्यूले स्वास्थ्य बीमामा सेवा प्रदायकले गरेका दाबीहरुको वैज्ञानिक दाबी परीक्षण गरिनुपर्ने, स्वास्थ्य बीमामा औपचारिक क्षेत्रको अनिवार्य आबद्धता गर्नु पर्नेमा विशेष जोड दिनुभयो साथै पुर्णरुपमा तयारी गरी सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमहरु एकिकृत गर्ने गरी तयार हुन सुझाव दिनुभयो।

कार्यक्रमका प्रमुख अतिथि प्रा. डा. शिवराज अधिकारीज्यूले स्वास्थ्य बीमा सुधारका १० वटा प्रमुख सुत्रमार्फत आफ्ना भनाई राख्दै कोष व्यवस्थापनको एकिकृत संयन्त्र कायम गर्ने, विद्यमान कानूनहरुको पूर्ण कार्यान्वयन, सेवा खरिदकर्ता र विक्रेताबीच स्पष्ट भिन्नता कायम हुनुपर्ने, सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमहरु एकिकृत गर्ने, जनता र सरोकारवारवाला बीच विश्वसनीय वातावरण सिर्जना गर्दै, स्वचालित सूचना प्रणाली कायम गरिनु पर्ने लगायत उत्तरदायित्व, जवाफदेहिताका कार्यलाई विशेष मध्यनजर गर्दे राष्ट्रिय योजना आयोगकका तर्फबाट हुने साथ सहयोग सदैव रहने गरि दिवसमा सुभकामना मन्तव्य प्रदान गर्नुभयो।

अन्त्यमा, कार्यक्रमका सभापति स्वास्थ्य बीमा बोर्डका अध्यक्ष श्री चन्द्र बहादुर थापा क्षेत्रीज्यूले स्वास्थ्य बीमा बोर्ड, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वय र सहकार्यमा अगामी कार्यहरुलाई प्राथमिकतामा साथ सम्पन्न गर्ने साथै दिगो स्वास्थ्य बीमा कोष, व्यवस्थित दावी भुक्तानी प्रणाली र एउटै प्रकृतिका कार्यक्रमहरुलाई एकिकृत गर्दे लैजाने बोर्डको प्राथमिकता रहको हुँदा उपस्थित सम्पुर्णमा समन्वय र सहकार्यको लागि अनुरोध गरी दिवसको मुल कार्यक्रम समापन गर्नुभयो।

२५ चैत्र २०८१

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड, बबरमहल, काठमाडौ